कृ.पा. बैठक संख्या २७

२०६५/०६६ बैठक संख्या ११.

आज मिति २०६६/०२/२/२६ गतेका दिन धवलागिरी गाउँपालिका का अध्यक्ष श्री धमसरा पुन मगर्को अध्यक्षतामा बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री धमसरा पुन | गा.पा. अध्यक्ष | |
| श्री रेशम छन्त्याल | गा.पा उपाध्यक्ष | |
| श्री झक बहादुर छन्त्याल | वडाध्यक्ष | वडा नं १ |
| श्री राम प्रसाद वि.क. | " | " २ |
| श्री प्रेम पुन | " | " ३ |
| श्री कैरा प्रसाद घर्ती | " | " ४ |
| श्री राजाराम उपाध्याय | " | " ५ |
| श्री रवकु कुमारी छन्त्याल | " | " ६ |
| श्री कलानिधी शर्मा | " | " ७ |
| श्री किनमाया घर्ती | निर्वाचित गा.पा. सदस्य | |
| श्री देउप्रसाद छन्त्याल | " " | " |
| श्री सुवादेवी पुर्जा | " " | " |
| श्री तिल कुमारी के.सी. | " " | " |
| श्री गोविन्द सुनार | गाउँ कार्यपालिका सचिव | |

प्रस्तावहरु :-

१) प्रगति समिक्षा सम्बन्धमा।
२) समितिको सदस्य चयन सम्बन्धमा।
३) विषय क्षेत्रगत समितिको बैठक सम्बन्धमा।
४) रोजगार संयोजक सम्बन्धमा।
५) शिक्षक सरुवा सम्बन्धमा।
६) आ.व. २०६६/०७७ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।
७) पारिश्रमिक सम्बन्धमा।
८) कर्मचारी काज खटाउने सम्बन्धमा।
९) सूचना प्रकाशन सम्बन्धमा।
१०) वडास्तरबाट पेश हुन आएका योजना सम्बन्धमा।
११) रकमान्तर सम्बन्धमा।

निर्णय नं. १.

प्रस्ताव नं. १मा छलफलगर्दा गाउँपालिकाबाट चालु आ.व. मा सञ्चालन एवं सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भौतिक एवं वित्तिय प्रगतिको बारेमा वडागत रुपमा छलफल एवं समिक्षा भयो। सो सम्बन्धमा Running मा रहेका योजना तथा कार्यक्रम हरुलाई छिटो सम्पन्न गर्न सम्बन्धित पक्षलाई वडा कार्यालयले आवश्यक सहजीकरण गर्ने र पालिकाले निर्देशन दिने।

निर्णय नं. २

प्रस्ताव नं. २मा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा देहाय बमोजिमको सदस्य रहने गरी सदस्य चयन गरियो।

क) राम प्रसाद वि.क.
ख) मेघ ब० कन्त्याल
ग) सुभादेवी पुर्जा
घ) खड्क कुमारी कन्त्याल

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकोले सो को लागि विषय क्षेत्रगत समिति मार्फत योजना तथा कार्यक्रम माग गर्न यस गा.पा अन्तर्गत का विषयक्षेत्रगत समितिलाई अविलम्ब बैठक राख्न लगाउने। र बैठक को निर्णय आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा यस गाउँपालिकामा खटिएको प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको रोजगार संयोजक हाल सम्म पनि हाजिर हुन नआएको, बजेट अख्तियारी, कार्यक्रम प्राप्त भैसकेको र कार्यक्रमको समयावधि पनि घटिर्दै गएकोले उक्त कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिकामा सूचना तथा प्रविधि अधिकृत पदमा कार्यरत श्री सुभाष थापालाई रोजगार संयोजक तोक्ने निर्णय गरियो।

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ स्थित श्री जनविकाश आधारभूत विद्यालयका प्रा. वि. तहका शिक्षक श्री उपेन्द्र ब० थापालाई वडा नं ४ स्थित श्री चन्द्र ज्योति मा. वि खिवाङमा र श्री चन्द्रज्योति मा.वि. खिवाङ, प्रा० वि. तहको शिक्षक श्री ठाकुर सुवेदीलाई श्री जनविकाश आधार भूत विद्यालय मराङमा पारस्परिक सरुवाको लागि सम्बन्धित निकायमा सिफारीस गर्ने।

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि व्यापक छलफल हुँदा आगामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा

कार्यक्रम तर्जुमा गर्न विषयगत शाखा, विषयक्षेत्रगत, समिति र बजेट ~~तर्जुमा~~ तथा कार्यक्रम तर्जुमा समितिलाई प्रस्ताव तयार गर्न लगाई सो प्रस्तावलाई आगामी कार्यपालिकाको बैठकमा छलफलका लागि पेश गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा यस गा.पा. वडा नं. ४ का वडाध्यक्ष पूर्व शिक्षक समेत रही निवृत्तभरण भत्ता बुझ्दै आएकोमा निवृत्तभरण भत्ता भन्दा बहालवाला वडाध्यक्षको जनप्रतिनिधि पारिश्रमिक रकम बढी देखिन्छ। नीतिगत एवं कानुनी व्यवस्था अनुसार कुनै पनि पदाधिकारीले दोहोरो सुविधा नमिल्ने तर जुन सुविधा बढी छ सो मात्र लिन मिल्ने व्यवस्था भएकोमा नीज वडाध्यक्षको निवृत्तभरण रकम कम र वडाध्यक्षको पारिश्रमिक बढी भएकोले निवृत्तभरणको रकममा वडाध्यक्षको पारिश्रमिक रकम बराबरको नपुग रकम थप गरी दिने ।

निर्णय नं. ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र अवाङ् [redacted] मराङमा कार्यरत कर्मचारी अ.हे.व. सुर्केटी बिदामा बसी सो इकाई केन्द्रको सेवा प्रवाह रोकिएकोले हाललाई अर्को व्यवस्था नभएसम्मको लागि। स्वास्थ्य चौकी मराङमा कार्यरत अ.हे.व. श्री दिल खत्री लाई सामुदायिक स्वास्थ्य इकाई केन्द्र अवाङमा काज खटाउने ।

निर्णय नं. ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ३२ मिति २०७६।२।०९ को प्राप्त पत्रानुसार यस गाँउपालिकामा गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न बजेट समेत विनियोजन भै सकेकोले उक्त कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारी करार सेवाबाट पूर्ति गर्नको लागि सुचना प्रकाशन गर्ने। साथै कर्मचारी छनौट गर्न प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन हुने समितिलाई अधिकार दिने। पद पूर्ति समितिलाई आफ्नो कार्य गर्न आफै कार्यविधि तयार गर्ने अख्तियारी दिने ।

निर्णय नं. १०.

प्रस्ताव नं १० मा छलफल गर्दा बस्तीस्तर हुँदै वडा कार्यालयबाट पेश हुन आएका योजनाहरुको प्राथमिकिकरणको लागि विषयगत समिति मा छलफलको लागि पेश गर्ने। र पुन आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने।

निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा चालु आ.व.को "व्यवसायिक जडीबुटी (सतुवा) खेती तालिम" सञ्चालनका लागि विनियोजित रकम रु ४,६९,६०९ अक्षररुपी चारलाख उनान्सत्तरी हजार छ सय नौ रुपैया मध्ये तालिमका लागि रु २,११,०००/- दुइलाख एघार हजार रुपैया मात्र खर्च भएकोले बाँकी रकम रु २,५८,६०९ दुइलाख अन्ठाउन्न हजार छ सय नौ रुपैया सतुवा बीउ खरिद गर्न मिलीजुली तरकारी तथा जडिबुटी कृषक समुह खिवाङलाई दिने ।